# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १३ जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. टिस्टा नदीको जलस्तर बढेपछि टिस्टावासीलाई निक्कै खतरा उत्पन्न भएको छ।

२. सिक्किमका विभिन्न भागमा लगातार भारी वर्षाका कारण पैरोले जनजीवन प्रभावित, बिहानदेखि तत्काल राहत कार्य जारी छ|

३. आजबाट अघिल्लो निर्देश नआएसम्म हाइवे-१० बन्द रहने कालेबुङ जिल्ला शासक कार्यालयको निर्देशन।

४. प्रधान नगर थाना पुलिसले डकैती गर्नको लागि भेला भएका पाँचजना युवकलाई पक्राउ गरेको छ।

५. महानगर कोलकाता समेत राज्यका अन्य विभिन्न भागहरूमा भयानक गर्मीको कहर जारी छ।

**टिस्टा नदी र टिस्टा क्षेत्र**

आज बिहानदेखि टिस्टा नदीको जलस्तर बढेपछि टिस्टावासीलाई निक्कै खतरा उत्पन्न भएको छ। आज बिहानदेखि टिस्टा नदी खतराको चिन्हभन्दामाथि बगिरहेको छ। सिक्किमको उत्तरी क्षेत्रमा केही दिनदेखि लगातार परिरहेको पानीको कारणले टिस्टा नदीको जलस्तर लगातार बढिरहेको छ। बिहानदेखि नै टिस्टा नदीको जलस्तर बढेपछि टिस्टा क्षेत्रमा रहेको घरहरूलाई निक्कै खतरा उत्पन्न भएको छ। टिस्टा नदी उर्लेर आएपछि टिस्टा बजारमा रहेका घरहरूलाई पानीले छोएको छ भने टिस्टा नदी बढेर सड़कमा आइपुगेको छ। टिस्टा नदीको पानी बढेकाले टिस्टावासी रातभरि नसुतेको जानकारी प्राप्त भएको छ। टिस्टा नदी टिस्टा बजार क्षेत्रमा सड़कभरि बग्न थालेपछि दार्जीलिङ जाने रोड पूर्ण रूपमा बन्द भएको छ भने टिस्टा नदीको पुलमा पानी निक्कै माथिसम्म पानी आइसकेको छ। टिस्टा नदीले टिस्टा बजारमा सड़कमा राखिएको एउटा गाडी बगाएको बताइएको छ। टिस्टा नदीको पानी सड़कसम्म आइपुगेपछि सड़क माथितिर रहेका घरहरूलाई पनि निक्कै खतरा उत्पन्न भएको छ। टिस्टा नदीको जलस्तर बढेकाले टिस्टा नदीमा बनाइएको प्रोटेक्शन वाललाई छोपेर वालमाथिबाट पानी बगिरहेको स्थानीयहरूले बताएका छन्।

****** ० ******

**किशोर प्रधान**

टिस्टाका सक्रिय समाजसेवी किशोर प्रधानले जीटीए पावर नभएको क्षेत्रीय सरकार भएको आरोप लगाउनु भएको छ । उहाँले टिस्टा नदीमा पानी बढेपछि सम्पूर्ण क्षेत्र जलमग्न भएको र टिस्टा पुलमुनिबाट दार्जीलिङ जाने सडकमा नदीको पानी पसेर जोखिमपूर्ण स्थिति उत्पन्न भएको बताउनु हुँदै सडकसँगै तल्तिर रहेका घरहरू जलमग्न बनेको बताउनु भएको छ । उहाँले सिलगडी तर्फको राजमार्ग रबिझोडामा एनएचपीसीको ड्याममा पानी ओभरलोड भई सडकमा देखिन थालेको बताउनु भएको छ। यस्तो अवस्थामा दार्जीलिङ र कालेबुङको सम्पूर्ण प्रशासनको टोली यहाँ हुन पर्नेए तर कोही उपस्थित नरहेको उहाँले आरोप लगाउनु भएको छ । पोहोरदेखि यहाँ जीटीएको जम्बो टोली आएर निरीक्षण गरे तापनि केही काम हुन सकेको भन्दै जीटीए पावर नभएको क्षेत्रीय सरकार रहेको उनले बताउनु भएको छ।

****** ० ******

**सिक्किम**

सिक्किमको मंगन जिल्लाका जिल्लापालको निर्देशनमा जिल्लाका पुलिस अधीक्षकए एडीएमए एसडीएम र बीडीओहरूले पैह्रो गएको र क्षति भएको समाचार पाउनसाथ आज बिहानदेखि तत्काल राहत चलिरहेका छन्। अधिकारीहरूले जानकारी गराए अनुसारए पाकसेपमा ३ जनाको मृत्यु भएको छ। यहाँ एउटा कच्चा घरलाई बगाएको छ भने सातवटा घरलाई आंशिक रूपमा क्षति पुऱ्याएको छ। यसरी नै अम्बिथाङमा दुई जना बेपत्ता छन्। एक व्यक्ति गम्भीर रूपमा घाइते भएका छन् र उनलाई चिकित्सा उपचारको निम्ति जिल्ला अस्पताल पठाइएको छ। मंगनका एडीसी (विकास) को अगुवाईमा लाइन विभाग र जिल्ला आपदा प्रबन्धन प्राधिकरणले माङशीलामा स्थितिको आकलन गर्नुका साथै क्षेत्रमा तत्काल राहत कार्य शुरू गरिएको छ। मंगन जाने बाटो विभिन्न ठाउँमा पैह्रोले बगाएको छए जसकारण राहत सामग्री पुऱ्याउन असुविधा भइरहेको छ। यद्यपिए प्रभावित क्षेत्रहरूसँग सम्पर्क स्थापित गर्न हर सम्भव प्रयास चलिरहेको बताइएको छ। राफोङ खोलामा वन विभागका कर्मचारीहरूले अस्थायी पुल निर्माण गरेका छन्। उल्लेखनीय छए बिहिवार रातभरि परेका मुसलधारे पानीले मंजन जिल्लाका विभिन्न ठाउँहरूमा जनधनलाई व्यापक क्षति पुऱ्याएको छ।

****** ० ******

**हाइवे-१० बन्द रहने**

कालेबुङ जिल्ला शासक कार्यालयद्वारा आज एउटा निर्देशिका जारी गरेर आजबाट अघिल्लो निर्देश नआएसम्म हाइवे-१० बन्द रहने बताइएको छ। भारी वर्षाको कारण मल्ली पुल नजिकै रवि झोडा र लिखु भीर नजिकको भाग क्षतिग्रस्त भएको छ। उक्त क्षतिग्रस्त क्षेत्रहरू मर्मत गर्ने उद्देश्यका साथ हाइवे १० मा वाहनहरूको आवागमनमा अस्थायी प्रतिबन्ध लगाउनको साथै आम जनताको सुरक्षा सुनिश्चित गर्न नयाँ मार्गबाट वाहनहरू चलाउने निर्देश दिइएको छ।

****** ० ******

**डुवर्सका नदीहरूको जलस्तर**

पहाड़ी क्षेत्रहरूमा भइरहेको अविरल वर्षाको कारणले डुवर्सका नदीहरूको जलस्तर ह्वात्तै बढ़ेर गएको छ। यहाँका मूर्तिए कुर्तीए न्यूओराए मालसमेत विभिन्न नदीहरूको जलस्तर बढ़ेर माथि आइसकेको छ जसलाई मध्यनजर गर्दै प्रशासनले मानिसहरूलाई अहिलेघरि नदी संलग्न क्षेत्रहरूमा नजाने चेताउनी जारी गरेको छ। अन्य नदीहरू झैं मूर्ति नदीको जलस्तर पनि धेरै बढ़ेको छ। आज बिहान पनि यस नदीको यस्तै अवस्था छ। अहिलेघरि मूर्ति नदीमा पुल निर्माणको कार्य भइरहेको छ। तर नदीको पानी बढ़ेकोले गर्दा यस निर्माण कार्यमा खटिएका श्रमिकहरूलाई नदीमा जानदेखि रोक लगाइएको छ। यस नदीलाई हेर्नका लागि विभिन्न क्षेत्रहरूबाट पर्यटनकहरू यहाँ आउने गर्दछन्। यस मनसून सीजनमा पर्यटकहरूलाई मूर्ति नदी नजिक नजाने सुझाउ दिइएको छ। वास्तवमा सिक्किममा लगातार परिरहेको मुसलधारे पानीले धेरै क्षति भएको छ। टिस्टाको जलस्तर बढ़ेर सड़कमा बगिरहेको छ।

****** ० ******

**तृणमूल छात्र परिषद**

तृणमूल छात्र परिषदले सिलगढी कलेजका प्रिन्सिपललाई ज्ञापन पत्र बुझाएको छ। वास्तवमा लोकसभा चुनावका लागि निर्वाचन आयोगले करिब साढे दुई महिनादेखि सिलगढी कलेजलाई आफ्नो कब्जामा लिएको थियो। कलेजमा डीसी आरसी कोठा निर्माण गरिएको थियो । जसका कारण पढाइ पूर्ण रुपमा ठप्प भएको छ । १० जूनमा कलेज खुले पनि पढाइ भने बन्द रहेको आरोप छ। जसका कारण कलेजका विद्यार्थीहरुले आक्रोश व्यक्त गरेका छन् । आज तृणमूल छात्र परिषदले विभिन्न मागहरू लिएर सिलगढी कलेज प्रिन्सिपलको कार्यालय अगाडि प्रदर्शन गरेको थियो। त्यसपछि कलेजका प्रिन्सिपल सुजित घोषलाई ज्ञापनपत्र बुझाइएको थियो ।

****** ० ******

**राशन वितरण भ्रष्टाचार मामिला**

राशन वितरण भ्रष्टाचार मामिलामा अभिनेत्री रितुपर्णा सेनगुप्ता मात्र नभएर न्यूनतम पचासजना मानिसहरू जाँचकर्ताहरूको निगरानीमा परेका छन्। ईडी सूत्र अनुसार यस्ता मानिसहरूको सूची बनाइएको छ। सूचीबद्ध यस्ता पचासजना मानिसहरूको अकाउण्टमा राशन भ्रष्टाचारको पैसा पुगेको छ। यद्यपि यस बारेमा आश्वस्त हुनको लागि जाँचकर्ताहरूले संदिग्धहरूको ब्यांकको कागज पत्र अनि अन्य कागजपत्रहरूको जाँच गरिरहेका छन्। ईडी सूत्र अनुसार यस सम्बन्धमा स्पष्ट संकेत प्राप्त भएपछि उनीहरूलाई जाँचबुझको लागि बोलाउन सक्छ। यसपूर्व गत ५ जूनमा रितुपर्णालाई राशन भ्रष्टाचार मामिलामा जाँचबुझ गर्नको लागि ईडीको सीजीओ कम्प्लेक्समा बोलाइएको थियो। तर त्यस दिन उनी उपस्थित हुन सकिनन्। रितुपर्णा विदेशमा रहेको कारणले डीको कार्यालयमा जान सकिनन्। उनले यो कुरा ईडी अधिकारीहरूलाई ई-मेल मार्फत जनाएकी थिइन्। पछि फेरि उनलाई दोस्रो नोटिस दिइयो। ईडी अधिकारीहरूले दाबी गरेए राशन भ्रष्टाचार मामिलामा पक्रा परेका कजना आरोपीसित रितुपर्णाको वित्तीय लेनदेन भएको जानकारी जाँचकर्ताहरूलाई प्राप्त भएको छ। तथापि ईडीले आधिकारिक रूपमा यस सम्बन्धमा केही बताएको छैन।

****** ० ******

**अवैध निर्माण विरूद्ध सिलगढी नगर निगम**

अवैध निर्माण विरूद्ध सिलगढी नगर निगमको अभियान लगातार जारी छ। यसै क्रममा सिलगढीको आश्रम पाडामा एउटा भवनको छतमा बनिएको अवैध निर्माणलाई आज नगर निगमले भत्काइदिएको छ। नगर निगम सूत्र अनुसारए भवनको छतमा कुनै प्लान बिनै घर बनाइएको थियो। नगर निगमको तर्फबाट घरको मालिकलाई नोटिस पनि पठाइएको थियो। तर पनि अवैध निर्माण नभत्काएपछि आज बिहान नगर निगमका कर्मचारीहरूले उक्त अवैध निर्माणलाई भत्काउने कार्य शुरू गरेको छ। अर्कोतिरए घरको मालिकले बताए अनुसार मामिला अझ पनि हाई कोर्टमा चलिरहेको छ। नगर निगमले कुनै पूर्व सूचना बिनै तोडफोड शुरू गरेको छ।सिलगढी कलेज तृणमूल छात्र परिषद इकाईका अध्यक्ष ओम चक्रवर्तीले कलेज दुई महिनादेखि बन्द भएको बताउनु भएको छ। यसैबीच कलेज खुलेको चार दिन भइसकेको छ। अध्ययन भने सुरु भएको छैन। कलेज मर्मत गरी भोलिदेखि विद्यार्थीको पढाइ सुरु गरिनुपर्छ भन्ने हाम्रो माग छ।

****** ० ******

**पाँचजना युवकहरु पक्राउ**

प्रधान नगर थाना पुलिसले डकैती गर्नको लागि भेला भएका पाँचजना युवकलाई पक्राउ गरेको छ। पक्रा पर्नेहरूमा अनिमेष उरांव (२४द्धए शम्भू विश्वास (२६द्धए गोपाल कर्मकार (२२द्धए शैलेन्द्र प्रधान (२८द्ध र अभिषेक रसाइली (२४द्ध सामेल छन्। यी पक्रा पर्नेहरू मध्ये तीनजना सिलगढीका अनि अन्य दुईजना खरसाङ निवासी हुन्। प्राप्त जानकारी अनुसार बुधवार राति लूटपाट गर्ने उद्देश्य लिएर केही युवकहरू महानन्दा नदीको किनारमा भेला भएका थिए। यसबारे गोप्य सूचना पाएपछि प्रधान नगर थाना पुलिसले इलाकामा छापामार अभियान चलाएर पाँचजना युवकलाई पक्राउ गरेको छ। तिनीहरूबाट पुलिसले केही धारिला हतियारहरू पनि उद्धार गरेको बताइएको छ। पक्रा परेका युवकहरूलाई आज सिलगढी महकुमा अदालतमा पेश गरियो।

****** ० ******

**मौसम बङ्गाल**

महानगर कोलकाता समेत राज्यका अन्य विभिन्न भागहरूमा भयानक गर्मीको कहर जारी छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा जारी बयानमा बताइएको छए कोलकातामा न्यूनतम तापमान २७ण्६ डिग्री सेल्सियस रेकर्ड गरिएको छ जुन सामान्यभन्दा एक डिग्री अधिक हो।
यसरी नै अधिकतम तापमान सामान्यभन्दा दुई डिग्री अधिक ३५ण्५ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। कोलकाता अतिरिक्त हावड़ाए हुगलीए उत्तर औ दक्षिण २४ परगनाए पूर्व औ पश्चिम मेदिनीपुरए पुरूलियाए बाँकुड़ा समेत राज्यका अन्य भागहरूमा तापमान ३० .देखि ३६ डिग्री सेल्सियसबीच रहेको छ।
पछिल्लो २४ घण्टामा ०ण्१ मिलीलीटर वर्षा रेकर्ड गरिएको छ भने आज पनि बादल मड़ारिरहेको छ। दिउँसो सामान्य वर्षा हुनसक्छ। तर गर्मीबाट भने राहत पाइनेछैन। उत्तर बंगालका अलिपुरद्वारए कुचबिहारए जलपाईगुड़ीए दार्जीलिङ र कालेबुङमा पनि मौसम सामान्य रहनेछ।

****** ० ******

**लङ्भ्यू परिवर्तन मुभमेण्ट**

दार्जीलिङको एउटा स्कूलमा त्यहाँकी एक नाबालिग छात्रामाथि स्कूलकै शिक्षकद्वारा गरिएको दुष्कर्मलाई लिएर लङ्भ्यू परिवर्तन मुभमेण्टले कडा प्रतिक्रिया जनाएको छ। यसै घटनालाई लिएर दोषी शिक्षकले कठोर सजाय पाउनुपर्छ भन्ने माग गर्दै संस्थाका सदस्यहरूले यहाँ एउटा शान्ति र्‍याली निकाल्यो।
र्‍यालीपछि पत्रकारहरूसँग कुराकानी गर्दै संस्थाकी संयोजिका सेमिका लामाले वर्तमान समयमा नारीहरू कतै पनि सुरक्षित नरहेको बताउनु भयो। उहाँले एउटा विद्यालय जस्तो ठाउँमा पनि नारीहरू सुरक्षित नहुनुले देशमा बलात्कारीलाई दिइने सजाय फ्यातुलो भएर हो भनी बताउनु भयो।

****** ० ******

**आत्मरक्षा गोष्ठी**

पश्चिम बंगाल सरकारको परियोजना अन्तर्गत आत्मरक्षाको सीप सिकाउने योजना श्रानी लक्ष्मी बाई आत्मरक्षा प्रशिक्षणश्र आज खरसाङको स्कट्स मिशन गर्ल्स स्कूलमा आत्मरक्षा गोष्ठी आयोजना गरिएको छ।
मार्शल आर्ट्स एण्ड फिट्नेस एकेडेमीका प्रशिक्षक सेम्पाई सुशील क्षेत्रीए कृष्ण क्षेत्री र प्रयोद्धि प्रधानलेए विद्यालयमा आत्मरक्षा तालिम सञ्चालन गरेका थिए। यो खरसाङ महकुमाको दोस्रो विद्यालय हो जसले बालिकाहरूलाई आपतकालीन अवस्थामा आत्मरक्षाको सीप सिकाउने सरकारी योजनाको फाइदा उठाएको छ।
यो परियोजना सर्व शिक्षा मिशनको कार्यालयबाट स्वीकृति पाएपछि दार्जीलिङ जिल्लाको स्पोर्ट्स कराते-डु संघका महासचिव सेन्सी सन्दीप प्रधानले सुपरिवेक्षण गरिरहेका छन्।
सेम्पाई सुशीलको नेतृत्वमा रहेको टोलीले तालिमबाट विद्यार्थीहरुले आत्मरक्षा केही प्रविधिहरु सिकयेका छन्। यस अवसरमा मार्शल आर्ट्स एण्ड फिट्नेस एकेडेमीका अध्यक्ष सेन्सी सन्दीप प्रधानले बालबालिकाहरूले केही सीपहरू सिक्न र आपातकालीन अवस्थामा आफूलाई सुरक्षित राख्न सकुन् भनेर भविष्यमा पनि अन्य धेरै विद्यालय र संस्थाहरूमा यस्ता आत्मरक्षा सेमिनारहरू निःशुल्क सञ्चालन गर्ने बताउनु भएको छ।

****** ० ******

**साहित्यकार पूर्ण बान्तावाको शोक सभा**

मिरिक डुप्टिनका एक शिक्षाविद तथा साहित्यकार पूर्ण बान्तावाको निधनमा हाम्रो डुप्टिन पत्रिका परिवारद्वारा शोक समवेदना प्रकट गरिएको छ। आज स्वर्गीय बान्तावाको निजी निवासमा पुगेर उनको परिवारका सदस्यहरूसँग भेटघाट गर्दै समवेदना प्रकट गरियो।
यस क्रममा हाम्रो डुप्टिन पत्रिकाका प्रकाशक भूतपूर्व कप्तान मिलन चोङबाङए प्रमुख सम्पादक विष्णु कुमार बराईलीए सदस्यहरू बालकुमार घिमिरेए राजु सुब्बाए शर्मिला राईए आनन्दमाणि सुब्बाए सेनकुमार सुब्बाए जसुदा राईए किरण भोटिया सुब्बाए मुस्कान राई खेसहाङ आदि उपस्थित थिए।

पत्रिकाका प्रमुख सम्पादक विष्णुकुमार बराईलीले सञ्चालन गरेको कार्यक्रममा स्वर्गीय पूर्ण बान्तवाको आत्माशान्तिको कामना गर्दै एक मिनटको मौन धाराण गरियो। मुस्कान राई सहाङले समवेदना पत्र पठन गरे भने पत्रिकाका प्रकाशक भूतपूर्व कप्तान मिलन चोङबाङ अनि सदस्य बालकुमार घिमिरेको बाहुलीबाट स्वार्गीय बान्तावाको परिवारलाई समवेदना पत्र हस्तान्तरण गरिएको छ।

****** ० ******

****** ० ******

**<u>ममता-बिरसा मुंडा</u>**

राज्यका मुख्यमंत्री

****** ० ******

**तृणमूल-जश्न**

राज्यका सत्तारूढ़

****** ० ******

**पश्चिम बंगाल-गिरफ्तारी**

पश्चिम बंगाल पुलिसले

****** ० ******

**गंगारामपुर- विरोध**

दक्षिण दिनाजपुर

****** ० ******

**गोर्खा जन पुस्ताकालय**

भारतीय गोर्खाहरूको

****** ० ******

**बिमल गुरुङ मिरिक भ्रमण**

गोर्खा जनमुक्ति

****** ० ******

**सडक जिर्नोधार**

तकदाह टिस्टा

****** ० ******

**ओकेटी चिया रोपाई**

पर्यावरणको

****** ० ******

**घैयाबारी सम्बर्धना**

तीनधारे महानदी

****** ० ******

**कालचिनी हात्तीको आक्रामण**

कालचिनी खण्डको

****** ० ******

**बीएसएफ-अफगानी पक्राउ**

कुचबिहार जिल्लामा

****** ० ******

**आईएमडी मौसम-शब्द**

मौसम विभागले पूर्वी

****** ० ******

**पुस्तक लोकार्पण**

खरसाङ्की कथाकार

****** ० ******

**स्वास्थ्य जाच शिविर**

गैर सरकारी संस्था

****** ० ******

************